मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012, 544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ १० गते शनिबार ❑ 24 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## सबै प्रकारको प्रतिगमनका कुचेष्टा रोक्ने अभियानको अग्रभागमा एमाले रहन्छ : प्रधानमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, ९ जेठ




प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले जनताको हकअधिकार र मुलुकको स्वाधीताको रक्षा गर्दै सबै प्रकारको प्रतिगमनका कुचेष्टा रोक्ने अभियानको अग्रभागमा एमाले पार्टी रहेको बताउनुभएको छ।

राष्ट्रिय युवासङ्घ नेपालको १०औं राष्ट्रिय महाधिवेशनको शुक्रबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले जनताको कुण्डलीमा राजतन्त्र फर्कने कुनै भविष्यवाणी नभएकाले त्यस्तो गलत सपना देखेर उत्साहित नहुन सुझाव दिनुभयो । नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्वउपकुलपति जगमान गुरुङले पूर्वराजा ज्ञानेन्द्र शाहको कुण्डली हेरेर चाँडै राजतन्त्र फर्कनेजस्ता हल्ला फिँजाएकोतर्फ इङ्गित उहाँले भन्नुभयो, "पूर्वराजाको कुण्डली मात्रै हेरेर हुँदैन । जनताको कुण्डली पनि हेर्नुपर्छ। ज्योतिषीहरूले मेरो कुण्डली पनि हेरे हुन्छ। राजसिंहासनको कल्पना अब हुन्न । नेपाली जनताले फालिसकेको राजतन्त्र अब फर्कन्न । राजतन्त्रविरुद्ध लडेका हामी यस देशमा छँदैछौँ, प्रतिगमनका त्यस्ता सपना नदेख्न आग्रह गर्छु ।" "प्रधानमन्त्रीलाई भाग्न हेलिकप्टरको सुविधा दिनेजस्ता उत्ताउलो कुरा पनि गरेका छन्। म भन्न चाहन्छु, कुनै पनि प्रतिगमनको कुचेष्टालाई धुलो पिठो बनाइन्छ । त्यस्ता प्रयास नियन्त्रण गर्न तथा रोक्नका लागि आवश्यक तयारीसहित अग्रभागमा युवा सङ्घ आउनुपर्छ", अध्यक्ष ओलीले भन्नुभयो, "एमालेमाथि आन्तरिक र बाहिरका विरोधीहरूबाट केन्द्रीकृत एवं चौतर्फी रुपमा आक्रमण भइरहेको छ। एमालेले गल्ती गरेको भए हामी अहिले जुन ठाउँमा छौं, त्यस ठाउँमा आउन दिने थिएनन् । सही नीति, सुशासन र विकासका निम्ति काम गर्ने पार्टी एमाले हो। एमालेको पक्षमा बोल्दा झोले भनेर हतोत्साहित गर्नेहरूको भ्रम र अन्योलमा नपरी आफ्ना काम-कर्तव्य पूरा गर्न म सबैसँग आग्रह गर्दछु।" अध्यक्ष ओलीले एमालेको योगदानलाई बिर्साउने प्रयास गरिएको टिप्पणी गर्दै पार्टी नेतृत्वमाथि केन्द्रीकृत गरेर अनुचित झुटा लाञ्छना र आरोप लगाउने काम भइरहेकाले त्यस्ता भ्रम फिजाउन खोज्ने प्रयासलाई तोड्न सबै देशभक्त र एमालेहरू एकजुट हुनुपर्नेमा जोड दिनुभयो । प्रधानमन्त्री ओलीले राजनीति कहिल्यै नगरेको र राजनीतिकथाहैनपाएकाव्यक्तिको हातमा राजनीति जाँदा मुलुकमा अस्थिरता आएकाले स्थिरता र सुशासनका लागि एमाले र कांग्रेसको सरकार बनेको उल्लेख गर्दै सरकार ढल्यो भनेर कराइरहेकाहरूलाई अबको १४ महिनापछि आफूले राजीनामा गरेर कांग्रेसका सभापति शेरबहादुर देउवालाई हस्तान्तरण गरी आफूहरू सरकारमा रहेर निर्वाचन गराउने स्पष्ट गर्नुभयो। आफूहरू भ्रष्टाचारविरुद्ध कसैको अनुहार नहेरी शून्य सहनशीलताका साथ काम गरिरहेको पनि उहाँले बताउनुभयो । युवा सङ्घको महाधिवेशनबाट सर्वसम्मत नेतृत्व गर्न आग्रह गर्दै पार्टी अध्यक्ष ओलीले नेतृत्वमा नअटेकाहरूको न्यायोचित व्यवस्थापन हुने भएकाले लुँछाचुँडी नगर्न र सहमति नभएमा स्वच्छ प्रतिस्पर्धा गर्न आग्रह गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले जन्मजात श्रेष्ठताका आधारमा शासन व्यवस्था प्रणाली नेपाली जनतालाई स्वीकार्य नहुने धारणा राख्नुभएको छ।

समारोहमा उहाँले पूर्वराजासहित समर्थकहरूले जनताको सम्प्रभुता खोस्ने षड्यन्त्र गरिरहेका बताउँदै गणतन्त्र विरोधी गतिविधि नेपाली जनतालाई स्वीकार्य नहुने बताउनुभयो । राजाको शासन व्यवस्थामा जन्मजात श्रेष्ठतालाई मान्यता दिइए पनि वर्तमान सन्दर्भमा यो प्रणाली स्वीकार्न नसकिने बताउँदै महासचिव पोखरेलले पछिल्ला समयमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र विरोधी गतिविधिहरू बढिरहेकाले यसविरुद्ध गणतन्त्र पक्षधर सबै एकजुट हुनुपर्नेमा जोड दिनुभयो। नेपाली कांग्रेस र एमाले नेतृत्वको वर्तमान सरकारले रेलमार्ग, सुरुङमार्गलगायत पूर्वाधार निर्माण र विकासका क्षेत्रमा उपलब्धिमूलक काम गर्दै आएको उहाँले उल्लेख गर्नुभयो। "यसअघि पनि एमाले नेतृत्वको सरकारका समयमा मुलुकमा विकास, निर्माणका क्षेत्रमा उल्लेख्य काम भएका थिए", उहाँले भन्नुभयो, "सामाजिक सुरक्षा भत्ताको सुरुआतसहित अन्य सामाजिक क्षेत्रमा सकारात्मक र उपलब्धिमूलक काम पार्टी नेतृत्वबाट भएका छन् ।" मुलुक बनाउन युवाहरू जागरुक बन्नुपर्नेमा उहाँले जोड दिनुभयो । एमालेका स्थायी कमिटी सदस्य एवं गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले मुलुकमा आर्थिक समृद्धि हासिल गर्न स्थानीय उत्पादनलाई जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो। राष्ट्रको विकास र समृद्धिका लागि युवा जागरुक हुनुपर्ने उहाँको भनाइ छ।

सङ्घका अध्यक्ष क्षितिज थेवेको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीका स्थायी कमिटी सदस्य एवं जनवर्गीय सङ्गठन प्रमुख भानुभक्त ढकाल, राष्ट्रिय युवा सङ्घका इञ्चार्ज राजीव पहारी, सङ्घका पूर्वअध्यक्ष महेश बस्नेतलगायत वक्ताले महाधिवेशनको सफलताको कामना गर्नुभएको थियो।

## जनताबाट प्राप्त सुझाव सहितको मागहरु सरकारले पूरा नगरे आन्दोलन गर्ने प्रचण्डको चेतावनी

**पोखरापत्र संवाददाता**
पोखरा, ९ जेठ




नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मध्य पहाडी लोकमार्ग अभियानको क्रममा जनताले दिएका सुझाव सहितका मागहरु सरकारले पूरा नगरे आन्दोलन गर्ने चेतावनी दिनु भएको छ।

प्रेस सेन्टर नेपाल गण्डकी प्रदेशले शुक्रबार बेलुका आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रमम बोल्दै अध्यक्ष प्रचण्डले मध्य पहाडी लोकमार्ग अभियानको क्रममा जनताबाट प्राप्त विभिन्न सुझाव सहितको माग सरकारलाई पेश गर्ने यद्यपी माग पूरा नगरेको खण्डमा आन्दोलन गर्ने चेतावनी दिनु भएको हो।

मध्य पहाडी लोकमार्गको पहिलो चरणको कार्यक्रम शनिबार पोखराको चिप्लेढुंगामा आयोजना हुने बिशाल जनसभा पछि आफुहरु काठमाण्डौमा फर्किए पछि आइतबार सरकारलाई यस बिषयमा गम्भिर हुन आग्रह समेत गर्ने अध्यक्ष प्रचण्डले उल्लेख गर्नुभयो। मध्य पहाडी लोकमार्गका जनताको मुख्य समस्या भनेको नेपालकै समस्या भएको दाबी गर्दै उहाँले यस बिषयमा सरकारले आफुहरुको माग आउँदो बजेटमा समेत सम्बोधन नगरे आन्दोलनको विकल्प नभएको जनाउनु भयो । प्रचण्डले मध्यपहाडी जनजागरण अभियानमा आम नागरिकको गुनासा र सुझाव ग्रहण गर्दै माओवादी केन्द्र फरक ढंगले अघि बढेको उल्लेख गर्दै दलित, किसान, मजदुर, उत्पीडित वर्ग सबैको समस्या सम्बोधन गर्ने पार्टी माओवादी केन्द्र मात्रै रहेको दाबी गर्नुभयो।

कस्तो आन्दोलन हुन्छ भन्ने पोखरापत्रका प्रतिनिधिको जिज्ञासामा अध्यक्ष प्रचण्डले जनताका सबै समस्याहरु सरकार समक्ष पेश गर्ने यदि आउदो बजेटमा आफुहरुको माग सम्बोधन नभए सदन, सडक र जनताको मोर्चाबाट आन्दोलन गर्ने चेतावनी दिनु भएको हो।

यसैबिच युवा संघ नेपालको राष्ट्रिय महाधिवेशनको उद्घाटन गर्न पोखरा आउनु भएको प्रधानमन्त्री केपी शर्मा ओलीले कार्यक्रममा सम्बोधन गर्ने क्रममा आफुलाई राजाबादीसंग मिल्न लागेको भनेर भन्नु गलत भएको बताउनु भयो । गत चैत १५ काठमाण्डौंमा १ लाख जनता सडकका उतार्दै यथास्थिती र प्रतीगमनकारीका बिरुद्ध आन्दोलन गरेको अध्यक्ष प्रचण्डले स्मरण गर्दै राजावादीहरुलाई राम्रैसंग जवाफ दिएको बताउनु भयो। राजाबादीका थोरै मानिसहरु सडकमा भएपछि पन्चायती गुण्डागर्दी शैलिमा, लुटपाट, वितण्डा मच्चाउन लागेको उहाँको आरोप थियो । गणतन्त्रबादीहरु कति सम्मेमित र अनुसासित हुन्छन भन्ने समाजबादी मोर्चाको बिशाल सभाबाट आफुहरुले जनतालाई जवाफ दिएको अध्यक्ष प्रचण्डले जनाउनु भयो । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) पोखरा महानगर समितिले मध्यपहाडी पुष्पलाल लोकमार्ग जनजागरण अभियान" अन्तर्गत जेष्ठ १० गते


बाँकी अन्तिम पृष्ठमा ▶▶


## तरबुजा खेतीमा आइपिएम कृषक पाठशाला प्रभावकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ९ जेठ

पोखरा महानगरपालिकाको सहयोगमा पोखरा महानगरपालिका वडा नं १३ र १४ का कृषकलाई लक्षित गरी कुँडहरमा तरबुजा खेतीमा गरिएको एकिकृत शत्रुजीव व्यवस्थापन(आपिएम) कृषक पाठशाला प्रभावकारी बनेको छ।

बिउदेखि उत्पादनको बजारीकरणसम्म सहयोग पुऱ्याउने गरी कृषि प्राविधिकको प्रत्यक्ष निगरानी एवम् स्थलगत प्रशिक्षणका कारण पाठशालामार्फत तरबुजा खेती सम्बन्धमा धेरै कुराहरू प्रत्यक्ष जान्ने र सिक्ने अवसर मिलेको सूर्यचन्द्र कृषक समूहका सहसचिव मिलन अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार यहाँका कृषकहरूले समूहगत रुपमा करिब १४ रोपनी क्षेत्रफलमा सामुहिक तरबुजा खेती गरेका छन् भने व्यक्तिगत रुपमा पनि ठाउँ ठाउँमा तरबुजा खेती गरिएको छ। यस वर्ष लगाइएको तरबुजा खेतीले यस ठाउँमा यस खेतीको सम्भावना देखाएको बताउँदै उहाँले आगामी वर्षमा यहाँका धेरै ठाउँमा कृषकहरूले तरबुजा खेती गर्ने बताउनुभयो।

तरबुजा खेतीमा कुल १७ हप्ता समयावधिको पाठशालाका क्रममा प्रत्येक हप्ताको आइतबार यहाँका कृषकहरूसँग कृषि प्राविधिक सहित स्थलगत रुपमा अध्ययन अनुसन्धान सहितको सिकाई गरिएको महानगरपालिकाका कृषि महाशाखाका कृषि प्राविधिक उमा पुनले जानकारी दिनुभयो। उहाँका अनुसार कृषकहरूलाई सिकाउने क्रममा विभिन्न तीन समूहमा विभाजन गरिएको थियो । यस बीचमा सूर्यचन्द्र आइपिएम कृषक पाठशालामा लगाइएको तरबुजा मध्ये करिब पाँच हजार पाँच सय किलोग्राम तरबुजा बजारमा बिक्रीका लागि लगिसकिएको र अरु बिक्रीका लागि लैजाने तयारीमा रहेको समूहका अध्यक्ष विश्वराज सापकोटाले जानकारी दिनुभयो। पोखरा महानगरपालिका कृषि विकास शाखा प्रमुख मनहर कडरियाका अनुसार पोखरामा विगतमा सामान्य परीक्षणका रूपमा मात्र गरिएको तरबुजा खेती यस वर्ष २०० रोपनी क्षेत्रफलमा विस्तार भएको छ। महानगरपालिकाले कृषकलाई बीउ र मलचिङमा सहयोग गरेको छ । पोखरा महानगरपालिका वा नं १३, २३, ३०, ३२ र ३३ मा यस खेतीप्रति आकर्षण बढिरहेको बताउँदै उहाँले यस वर्ष पोखरामा करिब ४०० टन (दुई करोड रुपैयाँ बराबर) को तरबुजा उत्पादन भएको जानकारी दिनुभयो । महानगरपालिकाले स्थानीय सरस्वती जातको तरबुजाको 'ब्रान्डिङ' र बजारीकरणका लागि स्टिकर तयार गरेको उहाँले जानकारी दिनुभयो । पोखरामा तरबुजा खेती एउटा विकल्पका रुपमा प्रमाणित भएको बताउँदै उहाँले यसले रोजगारी अभिबृद्धिमा पनि महत्वपूर्ण योगदान पुग्ने बताउनुभयो । आइपिएममा सरस्वती जातसँगै स्वीट हनी जात पनि लगाएर परीक्षण गरिएको उल्लेख गर्दै प्रमुख कडरियाले पोखरा आसपासमा सरस्वती जातको नै बढी उपयुक्त देखिएको जानकारी दिनुभयो । तरबुजा खेतीमा गरिएको अध्ययनले प्राङ्गारिक उत्पादन अन्य भन्दा स्वादिलो देखिएको उहाँको भनाइ छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# ४ सय १२ जना बालबालिकाहरुलाई सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ

पोखरा उद्योग बाणिज्य संघ सामाजिक बिकास केन्द्र अन्तर्गत जीविकोपार्जन तथा शिक्षा परियोजनाको आयोजना तथा किडासाको आर्थिक सहयोगमा ४ सय १२ जना बालबालिकाहरुलाई शैक्षिक सामग्री तथा पोशाक वितरण गरिएको छ।



शुक्रबार भएको वितरण कार्यक्रममा पोखरा महानगरपालिका भित्र रहेका श्रम तथा जोखिम पूर्ण अबस्थामा रहेका बालबालिकाहरु र बिध्यालय छाडेका तथा छाड्ने उच्च जोखिममा रहेका ४७ वटा स्कुलका बालबालिकाहरुलाई सामाग्री बितरण गरिएको कार्यक्रम संयोजक राजेन्द्रकुमार लालचनले बताए । गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुद मन्त्री विन्दकुमार थापाले सहयोगले बिद्यार्थीहरुको पठनपाठनमा महत्वपूर्ण योगदान पुग्ने बताए । उनले बिद्यार्थीको लागि पढाई सगैं सिप युक्त प्राबिधिक शिक्षा आवश्यक रहेको बताउदै सोहि अनुसार प्रदेश सरकार अगाडि बढेको बताए।

पोखरा उद्योगबाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले उद्योग बाणिज्य संघ अन्तरगत रहेको सामाजिक विकास केन्द्रले बालबालिकाको क्षेत्रमा महत्वपूर्ण काम गरेको बताउदै किडासाको सहयोगले शिक्षा र बालबालबालिकाको क्षेत्रमा खेलेको भूमिका महत्वपूर्ण रहेको बताए । यस्तै कार्यक्रममा पोखरा उध्योग बाणिज्य संघका पदाधिकारीहरु, सिकाइ केन्द्र ब्यबस्थापन समितिका कर्मचारीहरु बिद्यालयका प्रध्यानध्याप,बालबालिकाहरुको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रमको लागि कपडा ब्यबसायी एशोसियसन कास्की ,कन्चन प्रिन्टर्स, प्रज्ञान ट्रेडर्स,कर्मचार्य ग्रुप,लक्ष्मी ग्रुपले समेत सहयोगिको भूमिका खेलेका थिए ।

# पोखरा महानगरपालिका टेबल टेनिस संघमा वाग्ले

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ

कास्की जिल्ला टेबल टेनिस संघको आयोजना तथा गण्डकी प्रदेश टेबल टेनिस संघको सहकार्यमा विहीबार आयोजित भेलाले प्रकाश वाग्लेको अध्यक्षतामा ९ सदस्यीय पोखरा महानगरपालिका टेबल टेनिस संघ सर्वसम्मत चयन गरेको छ।

महानगर संघको उपाध्यक्षमा दिपकराज गिरी, सचिवमा मिलन खड्का, कोषाध्यक्षमा गौरी भुजेल, सहसचिव अभिषेक आचार्य, सदस्यमा निर्मला ओली, गौरव शेरचन, तृषा गुरुङ, नवीन गुरुङ र मनिष भुजेल सर्वसम्मत चयन भएका छन् । कार्यक्रमका प्रमुख अतिथि कास्की जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख सुन बहादुर लामाले निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई वधाई दिर्दै कार्यकालको सफलताको कामना गरेका थिए । नवनिर्वाचित पोखरा महानगर टेबल टेनिस संघका अध्यक्ष प्रकाश वाग्लेले टेबल टेनिस खेलको विकास तथा खेलाडीहरुको क्षमता अभिवृद्धि लागि आफुले सकेसम्म लाग्ने प्रतिवद्धता व्यक्त गरेका थिए। सो अवसरमा गण्डकी प्रदेश टेबल टेनिस संघका अध्यक्ष उत्तम जोशी, कास्की जिल्ला टेबल टेनिस संघका अध्यक्ष गौतमराज लामा, मनाङ जिल्ला टेबल टेनिस संघका अध्यक्ष क्षितिज गुरुङ, सिनियर सिटिजन एवं प्रशिक्षक एस. रवि चन्द्रन, कास्की जिल्ला टेबल टेनिस संघका निवर्तमान सचिव कृष्ण रानाभाट लगाएतले वोलेका थिए।




# पोखराका भूमिहिन सुकुम्बासीले दलका नेतासँग खोजे समस्या समाधानको प्रतिवद्धता

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ

भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुले बिहीबार कास्की जिल्लाका राजनीतिक दलसँग अन्तरक्रिया गरेका छन् ।

पृथ्वीचोक बसपार्कको जग्गामा बस्दै आएका बसोबासीको घरजग्गा खाली गराउन वडा कार्यालयले सूचना जारी गरेपछि उनीहरुले यसअघि विभिन्न निकायमा मागपत्र बुझाएका थिए। बिस २०३६ सालदेखि बसोबास गरेकाहरुलाई ३५ दिनभित्र घरजग्गा खाली गरिदिन बडा कार्यालय ९ ले गएको बैशाख २ गते पत्र काटेको थियो। त्यो जग्गा पोखराका विभिन्न व्यक्तिका नाममा दर्ता भएको भन्दै खाली गरिदिन वडा कार्यालयले पत्र काटेको थियो । कित्ता नम्बर १७२ को कुल ११५ रोपनी मध्ये ७२ रोपनी जग्गा पछि दर्ता भएको बताइएको छ। पृथ्वीचोकको जग्गा खाली गर्ने सूचना जारी भएको ३५ औं दिनमा पोखरामा आयोजित कार्यक्रममा भने विभिन्न दलका नेताहरुले सुकुम्बासी समस्या समाधानका लागि प्रतिवद्धता गरेका छन् । राष्ट्रिय भूमि अधिकार मञ्च कास्कीको आयोजनामा भएको कार्यक्रममा उनीहरुको त्यस्तो भनाइ आएको हो ।



अन्तरक्रिया कार्यक्रमका प्रमूख अतिथि राष्ट्रिय भूमि अधिकार मञ्चका केन्द्रीय सदस्य निर्मल नेपालीले सबै दलहरु पटक पटक सरकारमा सहभागी भए पनि समस्या समाधान गर्न चासो नदिएको बताए । भूमि अधिकारकर्मी नेपालीका अनुसार सुकुम्बासी समस्याका आडमा धनी पुँजीपतिहरुलाई जग्गा दिने काम गरिएको छ । कार्यक्रममा बोल्दै नेपाली कांग्रेस कास्कीका उपसभापति युवराज कुँवरले चुनावका बेलामा पार्टीहरुले सुकुम्बासीहरुलाई भुक्याएको भन्दै अबका दिनमा समस्या समाधान गर्न लाग्नु पर्नेमा जोड दिए। कांग्रेस नेता कुँवरले सुकुम्बासी समस्या समाधानमा आफू र आफ्नो सँधै लागि पर्ने प्रतिवद्धता पनि व्यक्त गरे । सोही कार्यक्रममा नेकपा एमाले कास्कीका उपाध्यक्ष भेषराज बरालले समस्या समाधान नुहुनुमा कुनै एउटा मात्र दललाई दोप दिएर उम्कन नमिल्ने तर्क गरे । विगतमा सबै दलहरु सरकारमा सहभागी भएको तथ्य स्मरण गराउँदै अबका दिनमा सबैको सहकार्यमा कार्य सम्पन्न गरिनु पर्ने एमाले नेता बरालको भनाइ छ । राष्ट्रिय प्रजातन्त्र पार्टी गण्डकीका महामन्त्री वरुणविक्रम राणाले सत्तारुढ दलहरुको अर्कमण्यताका कारण सुकुम्बासी समस्या समाधान हुन नसकेको दावी गरे । प्रधानमन्त्रीले चाहने हो भने ६ महिनाभित्र सुकुम्बासी समस्या समाधान हुने उनको तर्क छ।

कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टी कास्कीका उपाध्यक्ष राजु राईले सत्तारुढ दलसँग संसदमा दुई तिहाइ बहुमत रहेकोले सुकुम्बासी बारे आवश्यक निर्णय गर्न कुनै समस्या नहुनु पर्ने जिकिर गरे । सत्तारुढसहित अरु दलहरु सुकुम्बासी समस्या समाधान भए भोट बैंक समाप्त हुने भयबाट त्रसित भएको भन्दै आवश्यक निर्णय गरेर देखाउन रास्वपा नेता राईले चुनौति दिए । नेकपा माओबादी केन्द्रका नेता भीम नेपालीले सुकुम्बासीहरुका पक्षमा आफ्नो पार्टी सदैव लागि रहने भन्दै समस्या समाधान नभइकन कसैलाई पनि घरजग्गाबाट उठिबास नगर्न चेतावनी दिए । आयोजक राष्ट्रिय भूमि अधिकार मञ्च गण्डकीका अध्यक्ष रामबहादुर लामिछानेले गणतन्त्र आए पनि जनताको घरमा लालपुर्जा नआएको तर्फ सबै राजनीतिक दलहरुको ध्यान जानु पर्ने बताए । मञ्चको कास्की जिल्ला अध्यक्ष प्रेम गुरुङले पटक पटक भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासी समस्या समाधान आयोगहरु गठन गरे पनि कास्कीमा समस्या ज्यूँका त्यूँ रहेकाले सरकारहरु असफल बनेको जानकारी दिए। कार्यक्रममा कास्कीका विभिन्न वडा तथा टोलमा भूमिहिन र अव्यवस्थित बसोबासीहरुले भोगेका समस्या बारे सहभागीले राजनीतिक दलका नेताहरुलाई जानकारी गराएका थिए।

# असल छिमेकी नेपालको ८ औं सामाजिक लेखाजोखा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ

पोखरा १ सिम्पानीमा स्थापना भएको असल छिमेकी नेपाल संस्थाले शुक्रबार वार्षिक लेखाजोखा कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि शिक्षाविद् जोर्ज जोनले उद्घाटन गर्दै असल छिमेकी संस्थाले नाम अनुसारको काम गरेको वताए।

कार्यक्रममा पोखेली ख्रिष्टिय समुदायका अध्यक्ष राम प्रसाद शर्माले कुनै पनि संस्थाले सामाजिक काम गर्दा समाजमा पछि पारिएका तथा परेको समुदायलाई पहिलो प्राथमिकता दिएर काम गर्नु पर्ने वताए।

सामाजिक लेखा परिक्षक निकिता कोइरालाले सहजीकरण गर्दै विभिन्न परियोजनाहरु मार्फत गरिएको कामहरुको वारेमा स्थलगत रुपमा पुगेर लाभग्राहीहरु संग प्रत्यक्ष भेटेर लिइएको प्रतिक्रियाहरुको समिक्षा गरेकी थिइन् । जाजरकोटका नलगाड, रुकुम आठबिस कोट, नवलपरासी पुर्व र पश्चिम का पहालीनन्दन, सरावल, बुलिङटार, रौतहटको राजदेवी, म्याग्दीको बेनी, पोखरा भित्रका वडाहरु, तनहुँको बन्दिपुर, धादिङ लगाएतका स्थानिय निकायहरुमा आफ्ना परियोजना संचालन गरिरहेको अध्यक्ष मुक्तिनाथ ढकालले वताए। कार्यक्रममा विभिन्न जिल्लाका जनप्रतिनिधिहरु, सरकारी संस्थाका प्रतिनिधिहरु, प्रहरी कार्यालयका प्रतिनिधिहरु, विभिन्न गैर सहकारी संस्थाका प्रतिनिहिरुको उपस्थिति रहेको थियो । सेवाग्राहीहरुले संस्थाले निकै राम्रो काम गरेको वताउँदै गरिरहेका कामहरुलाई निरन्तरता दिन सुझाव दिएका थिए।




असल छिमेकी नेपालका अध्यक्ष मुक्तिनाथ ढकालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष प्रकाश घर्तीले र संचालन सचिव तिलबहादुर गिरीले गरेका थिए।

# पर्वत नवलपुरसँग ९ विकेटले पराजित

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ

प्रदेश क्रिकेट संघ गण्डकीको आयोजनामा पोखरा रंगशाला जारी गण्डकी प्रदेश स्तरिय यु १६ छनौंट क्रिकेट प्रतियोगितामा शुक्रबारदेखि समुह 'बि' तर्फको खेल शुरु भएको छ। शुक्रबार नवलपुरले पर्वतमाथि ९ विकेटको फराकिलो जित निकाल्यो । टस जितेर ब्याटिङ गरेको पर्वतले निर्धारित ३५ ओभरको खेलमा २३.२ ओभरमा सम्पूर्ण विकेट गुमाएर ९९ रनको योगफल तयार पार्यो।

पर्वतको ब्याटिमा क्रिस कुँवरले ३२ रन जोडे । अनुप सिंहले १३ तथा प्रतिक रावल र अंकुश कुँवर दुवैले समान १० रन बनाए । नवलपुरका बलर समिर रोक्काले ४ विकेट लिए। प्लेयर अफ द म्याच समेत रहेका समिरले ४.२ ओभरमा १५ रन खर्चिएका थिए । अर्का बलर शैलेस काफ्लेले ५ ओभरमा २३ रन खर्चिएर ४ विकेटनै लिए। सुजन अर्याल र गौरब न्यौपानेले पनि एक एक विकेट लिए।

जितका लागि सय रनको लक्ष्य पछ्याएको नवलपुरका लागि समिर न्यौपानेले महत्वपूर्ण २५ रनको योगदान दिए। विस्फोटक व्याटिङ गरेका समिरले १२ बलमा २ छक्का र २ चौका प्रहार गरे। रजत भूर्तेलले २३ तथा प्राञ्जल पौडेलले २२ रनको पारी खेले । पर्वतका बलर अर्पित गिरीको हातमा १ विकेट पर्यो । जितसंगै नवलपुरले तालिकामा २ अंक जोड्न सफल भयो ।



# जनताबाट ...

शनिवार हुने जनसभामा पोखराबाट ५ हजार जना सहभागि गराउने दाबी गरेको छ।

महानगरको तर्फबाट पार्टी अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्ड सहितको टोलीलाई पोखरा २५ हेमजा मिलनचोकमा स्वागत सहित भेटघाट गरेको महानगर कमिटिका अध्यक्ष हरिनारायण गिरी (विज्ञान) ले बताउनु भयो । पोखराको चिप्लेढुंगामा शनिबार हुने बृहत जनसभा भव्य एवं सभ्य रुपमा सम्पन्न गर्न सम्पूर्ण तयारी पूरा भएको पार्टीका कास्की इन्चार्ज नेत्रनाथ अधिकारीले बताउनु भयो। यसैबिच कास्कीको प्रबेश गर्ने स्थान नयाँ पुलमा अध्यक्ष प्रचण्ड सहितका शिर्षस्थ नेताहरुलाई पन्चे बाजा सहित भव्य स्वागत गरिएको नेकपा माओवादी केन्द्र कास्कीका संयोजक विश्व प्रकाश लामिछानेले बताउनु भयो । गृह जिल्लामा नयाँपुल, नागडाँडा, हेमजा, हरिचोक लगायतको ठाँउ ठाँउमा भव्य स्वागत गरिएको उहाँले दाबी गर्नुभयो।

# ताराखोलामा सहिद उद्यान निर्माण

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ

तत्कालीन माओवादी जनयुद्धमा जीवनोत्सर्ग गर्ने सहिद तथा बेपत्ताजनको स्मृतिमा बागलुङको ताराखोला गाउँपालिका-२ अर्गल, गयारमा उद्यान निर्माण गरिएको छ।

गाउँपालिकाद्वारा निर्मित 'सहिद तथा बेपत्ता योद्धा स्मृति उद्यान'को नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गर्नुभएको थियो । उहाँले उद्यानमा रहेका २६ सहिद र दुई बेपत्ताको सालिक अनावरण गर्नुभएको थियो।

गयारलाई युद्धताका माओवादी जनमुक्ति सेनाले तालिम केन्द्रका रूपमा प्रयोग गरेका थिए। विसं २०५८ मङ्सिरमा सरकारी सुरक्षा फौजले गयारमै तीन माओवादी समर्थकलाई एकसाथ हत्या गरेको थियो । गाउँपालिकाका अध्यक्ष धनबहादुर विक 'हिमाल'ले रू एक करोड बढीको लगानीमा उद्यान निर्माण गरिएको बताउनुभयो । गाउँपालिकाले युद्ध पर्यटनको नमुना योजनाका रूपमा चार वर्षअघि सहिद उद्यानको योजना अगाडि बढाएको थियो। अहिलेलाई ताराखोला गाउँपालिकाभित्रका सहिद र बेपत्ताको मात्र सालिक राखिए पनि पछि जिल्लाभरका सहिदका सालिक राख्ने लक्ष्य रहेको अध्यक्ष विकले बताउनुभयो।

गाउँपालिकाले सहिद उद्यानसहित त्यहाँका अन्य पर्यटकीय गन्तव्यस्थलको विकास र प्रवर्द्धनका लागि रू १६ करोडको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) मार्फत काम गरिरहेको उहाँको भनाइ छ। "उद्यानमा सङ्घ सरकार, प्रदेश सरकार र गाउँपालिकाले लगानी गरेको छ", अध्यक्ष विकले भन्नुभयो, "जनयुद्धका सहिद तथा बेपत्ता योद्धाको सम्मानसहित पर्यटकीयस्थलका रूपमा विकास गर्ने लक्ष्यसहित उद्यान निर्माण गरिएको हो। सहिद उद्यानमा पदमार्ग, पोखरी र प्रतीक्षालयलगायत संरचना निर्माण गरिएको छ । पूर्वाधार बनाउँदा स्थानीय सिप र प्रविधिको प्रयोग गरिएको छ। पदमार्गमा गाउँकै 'स्लेट' ढुङ्गा राखिएको छ । प्रतीक्षालय काठ र ढुङ्गाको बनाइएको छ । लामीडाँडा सामुदायिक वन क्षेत्रको १२ सय ९१ वर्ग मिटरमा उद्यान निर्माण गरिएको हो । ताराखोला जनयुद्धमा जिल्लाकै बढी प्रभावित ठाउँ हो । त्यहाँका दुई जना अझै बेपत्ता छन् ।

उद्यानमा युद्धकालीन समयलाई झल्काउने कलात्मक मूर्ति र नमूना युद्ध सामग्री पनि राखिने जनाइएको छ। कुनैताका युद्धमा हेलिएको गाउँलाई पर्यटनका माध्यमबाट चिनाउन सहिद उद्यानले सघाउने विश्वास लिइएको छ । अर्गलको गयारलाई मात्र नभएर ताराखोलाका अरू कैयन क्षेत्रलाई पनि माओवादी कार्यकर्ता र जनमुक्ति सेनाले आश्रयस्थल बनाएका थिए। कुनैताका जनयुद्धको तालिमस्थल रहेको गयारमा उद्यान उद्घाटनपछि माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री दाहालले दस वर्षे जनयुद्ध नेपाली उत्पीडित वर्ग तथा समुदायले गरेको महान विद्रोह रहेको बताउनुभयो। जनयुद्धकै बलमा मुलुकले युगान्तकारी परिवर्तन हासिल गरेको उहाँको भनाइ छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# खानेपानी अभावमा बागलुङको दगातुन्डाँडाका बासिन्दा बसाइँ सर्न बाध्य

**पोखरापत्र संवाददाता**
बागलुङ, ९ जेठ

दश वर्षअघि बडिगाड गाउँपालिका दगातुन्डाँडामा प्रारम्भ भएको 'एक घर, एक धारा' योजना हालसम्म पूरा नहुँदा त्यहाँका तीन सय ८० परिवार काकाकुलको नियति भोग्न बाध्य छन् ।

दगातुन्डाँडाका बासिन्दा खानेपानीकै कारण बसाइँ सर्न थालेका छन् । विसं २०४८ सालमा ल्याइएको खानेपानीको सार्वजनिक धारामार्फत सात सय घरपरिवार लाभान्वित गाउँमा २०७२ सालमा सोही खानेपानी मुहानमा तीन सय ८० घरलाई धारा पुर्‍याउन नयाँ योजना थालिएको थियो। पच्चीस वर्ष पुरानो योजना जीर्ण बनेपछि 'एक घर, एक धारा' निर्माण प्रारम्भ भए पनि १० वर्षमा पनि पूरा नभएपछि स्थानीय आक्रोशित छन् । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयबाट नयाँ योजनामार्फत तीन सय ८० घरलाई खानेपानी पुर्‍याउने प्रयास प्रारम्भ भए पनि बजेट अभावमा १० वर्ष बित्दा पनि योजना पूरा नभएको हो । खानेपानी अभावमा स्थानीय बसाइँ हिँड्न थालेको दतातुन्डाँडाका पूर्वप्रधानपञ्च प्रेमलाल सापकोटाले बताउनुभयो । "तारेभिरको मुहानको खानेपानी १३ किलोमिटर तलको गाउँमा आएपछि दगातुन्डाँडावासीलाई २०४८ सालमा राहत मिलेको थियो, तर योजना २५ वर्ष पुरानो भएपछि 'एक घर, एक धारा' योजना ल्याइएको थियो । उक्त योजना थालेको १० वर्षसम्म पूरा भएन", पूर्वप्रधानपञ्च सापकोटाले भन्नुभयो । स्थानीयको मागअनुसार वडाभर नै एक घर, एक धारा निर्माणका लागि योजना २०७२ सालमा थाले पनि बजेट अभावमा खानेपानी योजना अपूरै रहँदा समस्या भएको स्थानीय भीमलाल पोखरलले बताउनुभयो। दुर्लुङ, रायाँ, हमेल, नौतुवा, बेतनी, भट्नी, थान, ढाँड, प्यालपोखरी, तुन्डाँडा, दगाको सबै गाउँ, जिमी, टुटीफेद र गहते गाउँका स्थानीयका तीन सय ८० घरमध्ये अहिले सम्म एक सय ६७ घरमा मात्र धारा पुगेको र पानी वितरणमा ढिलाइ भएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका इञ्जिनियर सुदीप आचार्यले जानकारी दिनुभयो।

स्थानीयको श्रमदानसहित रु पाँच करोड लागत अनुमान गरिएको तारेभिर खानेपानी आयोजनामा हालसम्म रु दुई करोड ४५ लाख बजेट खर्च भइसकेको छ। आव २०७२/७३ देखि सुरु भएको योजनामा हालसम्म आठ वटा पानी सङ्कलन ट्याङ्की, १३ किलोमिटर मुख्य पाइपलाइन, आठ किमी वितरण पाइपलाइन तयार भएको इञ्जिनियर आचार्यले बताउनुभयो। चालु आवमा एक सय ३५ घरमा धारा जडान गर्ने र तीन सय ८० घरमध्ये दुई सय ३५ घरमा पानी आपूर्ति गरिने उहाँले बताउनुभयो ।

# कृषिमा रैथाने सीप र प्रविधि बढाउन 'आइपिएम' कृषक पाठशाला' सञ्चालन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ जेठ



बेनी नगरपालिका-६ डम्मराका किसानले खेतीबालीमा लाग्ने रोग कीराको उपचारमा रैथाने सीप र प्रविधिलाई प्रयोगमा ल्याउन थालेका छन्।

बेनी नगरपालिकाले सञ्चालन गरेको एकीकृत शत्रुजीव व्यवस्थापन (आइपिएम) कृषक पाठशालामा व्यावहारिक ज्ञान, सीपको क्षमता विकास गरेर किसानहरूले खेतीबालीमा लाग्ने रोग कीराको उपचारमा स्थानीय वानस्पतिक विषादी बनाएर प्रयोगमा ल्याएका हुन्। पाठशाला सञ्चालनका लागि करिब एक रोपनी क्षेत्रफलमा गरिएको कोसेबालीमा देखिएका रोग कीराको समस्या समाधान गर्न प्याजको पात, केतुकी, पाती, असुरोलगायत तीतो, पिरो, टर्रो र अमिलो हुने प्रजातिका वनस्पति र वस्तुभाउको मूत्रबाट जैविक विषादी बनाएर प्रयोग गरिएको स्थानीय झरना थापाले बताउनुभयो।

"पहिले खेतीबालीमा केही समस्या भए बजारबाट विषादी किनेर ल्याउने गर्थ्यौं, अहिले सिमीमा लागेको रोग कीरामा वानस्पतिक झोलको प्रयोग गर्‍यौं, समस्या पनि हल भयो, नगद खर्च पनि भएन", उहाँले भन्नुभयो । वानस्पतिक विषादीको प्रयोगले कृषि उपजसमेत स्वस्थकर हुने गर्छ । डम्मरा माझखेत कृषक समूहका २२ जना महिला किसान सहभागी पाठशालामा खेतीबालीको बीउ लगाउनेदेखि फल उत्पादनसम्मको व्यावहारिक ज्ञान, सीप र क्षमता विकासका गतिविधि भइरहेका छन् । गत माघ २० गतेदेखि सञ्चालन भएको कृषक पाठशालामा सहजकर्ता सोबित शर्माले किसानहरूलाई सैद्धान्तिक र व्यावहारिक ज्ञान प्रदान गर्नुभएको छ। पाठशाला सञ्चालन भएपछि गाउँघरमा रहेका स्रोत र साधनलाई प्रयोग गरेर कृषिको उत्पादन बढाउने र रोग कीराको पहिचान गरेर उपचार गर्ने ज्ञान सीप हासिल भएको तालिममा सहभागी स्थानीय किसान पशुपति भण्डारी खत्रीले बताउनुभयो । हरेक साताको बिहीबार चार-चार घण्टाका दरले डम्मरा माझखेत आइपिएम कृषक पाठशाला सञ्चालन हुँदै आएको छ। वडाध्यक्ष कृष्णसिंह बानियाँले समूहका लागि पाठशाला सञ्चालन गर्न निःशुल्क रूपमा उपलब्ध गराउनुभएको करिब एक रोपनी बारीमा कोसेबालीअन्तर्गत सिमी र बोडीखेती गरिएको छ। तालिममा सिमी र बोडीखेतीसँगै आलुलगायत तरकारीखेती र अन्नबालीको बीउ लगाउनेदेखि फल उत्पादनसम्मका सिकाइ भएको स्थानीय कमला परियारले जानकारी दिनुभयो । कृषक पाठशालामा किसानहरूलाई व्यावहारिक सिकाइका लागि लगाइएको भट्टेसिमी, एसनाइन सिमी, हाइब्रिड सिमी, मिटरबोडी, मालेपाटन बोडीखेती गरिएको छ। सिमी र बोडी उत्पादन भएपछि किसानले घरायसी प्रयोगदेखि बिक्री गरेर नगद आम्दानी गर्न थालेका छन् । आइपिएम कृषक पाठशालाले एउटा बाली विशेषमा किसानलाई पूर्ण रूपमा तालिमप्राप्त बनाउने गर्छ।

पाठशालामा कोसेबाली लगाउनेदेखि बिरूवाको हेरचाह, स्थानीय स्रोत र साधनको प्रयोग गरेर थाँक्रा बनाउने र फल उत्पादनका लागि बोटको काँटछाटका विषयमा व्यावहारिक तालिम प्रदान गरिएको छ। पाठशालामा सहभागी किसानले आफैं लगाएका सिमी र बोडीको आफैंले स्याहार र गोडमेलका साथै स्थानीय वानस्पतिक विषादीको प्रयोग गरेर रोग कीराको उपचार गर्ने तरिकासमेत सिकेको पाठशालाका सहजकर्ता सोबित शर्माले बताउनुभयो।

किसानको हातबाट खेतबारीमा बीउ लगाएर फल उत्पादन गरी बजारीकरणसम्मको सबै पक्षलाई पाठशालामा नियमित प्रशिक्षण र व्यावहारिक तालिममा समावेश गरिएको उहाँले जानकारी दिनुभयो । बेनी नगरपालिकाले चालु आर्थिक वर्षमा सिमी, आलु, गोलभैंडा, काउली, अकबरे खुर्सानीलगायत तरकारीखेतीमा विभिन्न सात ठाउँमा आइपिएम कृषक पाठशाला सञ्चालन गरेको छ। विषादीरहित कृषि उपज उत्पादन, रोग कीराको नियन्त्रण र उपचारमा स्थानीयस्तरमा हुने जैविक र प्राङ्गारिक मलको प्रयोग गरी स्वस्थवर्द्धक कृषि उपजको उत्पादनमा आइपिएम पाठशाला किसानका लागि उपयुक्त थलो बनेको छ । खेतबारीमै पुगेर किसानलाई व्यावहारिक ज्ञान, सीपबारे पढाउनका लागि आइपिएम कृषक पाठशाला प्रभावकारी बनेको छ।

# कालीगण्डकी स्वच्छता कार्यक्रमका लागि पूर्वाधार निर्माणको काम सुरु

**पोखरापत्र संवाददाता**
बागलुङ, ९ जेठ

म्याग्दीको बेनी नगरपालिकाले कालीगण्डकी र म्याग्दी नदीको सङ्गमस्थल अर्थात् दोभानमा रहेको 'बेनीघाट'मा कालीगण्डकी स्वच्छता कार्यक्रमअन्तर्गत पूर्वाधार निर्माणको काम सुरु गरेको छ।

बेनी नगरपालिकाले कालीगण्डकी नदीको स्वच्छता, धार्मिक तथा सांस्कृतिक पक्षलाई समेत दृष्टिगत गरी रु ५३ लाख पाँच हजार २०० को ठेक्का आह्वान गरी पूर्वाधार निर्माणका काम सुरु गरेको हो । एस.के कन्स्ट्रक्सन बेनीले स्थानीय नगरपालिकासँग सम्झौता गरी कालीगण्डकी र म्याग्दी नदीको सङ्गमस्थल 'बेनीघाट'मा अहिले धमाधम काम गरिरहेको छ । सम्झौताअनुसार २०८२ साल वैशाख १७ गतेदेखि काम सुरु भएको सो योजना आगामी असार १५ गतेसम्म सम्पन्न गर्नुपर्नेछ। बेनी नगरपालिकाका प्रमुख सुरत केसीका अनुसार कालीगण्डकी स्वच्छता कार्यक्रमअन्तर्गत सञ्चालित यो पहिलो योजनाको सुरुमा अन्त्येष्टि गर्ने घाटलाई काठमाडौँ, पशुपतिस्थित आर्यघाटको ढाँचामा निर्माण गरी व्यवस्थित गरिने भएको छ।

सो योजनाअन्तर्गत कालीगण्डकीको सतहभन्दा तल ६० प्रतिशत सिमेन्ट र ४० प्रतिशत ढुङ्गाको जग राखिनेछ । यसरी जग तयार भएपछि आर्यघाटमा जस्तै सिँढी निर्माण गरी शव राख्ने तथा जलाउने ठाउँ बनाइने नगरपालिकाले स्पष्ट गरेको छ।

सनातन धर्म, संस्कृति र वातावरणलाई समेत ध्यान दिँदै आर्यघाटको ढाँचा र शैलीमा पूर्वाधार निर्माण गरी बेनिघाटलाई अझ व्यवस्थित र सुविधासम्पन्न बनाइने बेनी नगरपालिकाले स्पष्ट गरेको छ।

# शुक्ला साहित्यको कबिता प्रतियोगितामा बिन्ध्यबासिनी माबि प्रथम

**पोखरापत्र संवाददाता**
बागलुङ, ९ जेठ

शुक्ला साहित्य प्रतिष्ठानले आयोजना गरेको सामुदायिक माध्यमिक विद्यालय स्तरिय खुल्ला कबिता प्रतियोगितामा बिन्ध्यबासिनी मा. बि बाटुलेचौरका प्रजिना छन्त्याल प्रथम भएकी छिन्।



प्रतियोगितामा विन्ध्येश्वरी माध्यमिक विद्यालय तल्लाकोटका स्वस्तिका खड्का द्वितीय, माछापुच्छे माध्यमिक बिधालयका आयुष बिकले तेस्रो स्थान र भारतीभवन माविका कैलाश तिवारीले सान्त्वना स्थान हासिल गरेको प्रतिष्ठानका सचिव रामप्रसाद पौडेलले जानकारी दिनुभयो। प्रतियोगितामा ८ वटा सामुदायिक विद्यालयका १६ जनाले सहभागीता जनाएका थिए। कबिता प्रतियोगितामा साहित्यकार शिव त्रिपाठी , असफल गौतम र इन्दु भट्टराईले निर्णायकको भुमिका निर्बाह गरेका थिए।

उत्कृष्ट विद्यार्थीलाई कार्यक्रममा प्रमुख अतिथि पोखरा महानगर शिक्षा महाशाखा प्रमुख हेम प्रसाद आचार्य, शिक्षा अधिकृत जीवन ज्ञवाली, प्रतिष्ठानका अध्यक्ष दुर्गादेवी वस्नेत गौतम र कार्यक्रम संयोजक यदुनाथ वञ्जराले नगद सहित पुरस्कृत गर्नुभयो। पुरस्कारको राशि नगद १० हजार, ७ हजार, ५ हजार र ३ हजार र प्रमाणपत्र रहेको थियो। यसअघि कार्यक्रमको उद्घाटन गर्दै शिक्षा महाशाखा प्रमुख आचार्यले सामुदायिक विद्यालयलाई लक्षित गरि सृजनात्मक कार्यक्रम आयोजना गरेकोमा आयोजक सस्था शुक्ला साहित्य प्रतिस्ठान प्रती आभार ब्यक्त गर्दै यस्ता सृजनात्मक कार्यक्रमको निरन्तरताको कामना गरेका थिए।

विशेष अतिथि शिक्षा अधिकृत जीवन प्रसाद रेग्मीले बिध्यालयमा साहित्य कार्यक्रमको आयोजना गरेकोमा खुसी ब्यक्त गर्दै साहित्यिक गतिविधिलाई निरन्तरता दिन आग्रह गरेका थिए।

सोही अवसरमा शुक्ला साहित्य प्रतिस्ठानकी सदस्य तथा अन्नपूर्ण आत्मनिर्भर बाल आश्रमको सन्चालिका सारदादेबि बस्नेतले आफ्नोबैबाहिकबर्षगाँठकोअबसरमा बिन्धेस्वरी मा बि तल्लाकोटमा ५१,१५१रुपैयाँ राशिको अक्षयकोष स्थापन गरेकि छन । गरिब तथा जेहेन्दार विद्यार्थीहरुको सहायताको लागि आफ्नो वैवाहिक उत्सबको दिन अक्षय कोष स्थापना गरिएको बस्नेतले बताइन । प्रतिष्ठानका अध्यक्ष दुर्गादेबी बस्नेत गौतमको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत गीता भण्डारी र सन्चालन सचिब रामप्रसाद पौडेलले गरेका थिए।

# हेमजा यूनाईटेड "अन्तर वडा स्तरीय फुटबल प्रतियोगिता-२०८२"को सम्पूर्ण तयारी पुरा

**पोखरापत्र संवाददाता**
हेमजा, ९ जेठ

"युवा एकता र विकासका लागि खेलकुद" भन्ने मूल नाराका साथ पोखरा महानगरपालिका वडा न. २५ हेमजामा अवस्थित हेमजा यूनाईटेडको आयोजनामा तथा पोखरा महानगर एवं २५ नं वडा कार्यालयको संरक्षणमा जेष्ठ १० देखि १७ गते सम्म हुने ३५ वर्ष भन्दा माथि उमेर समूहको, "अन्तर वडा स्तरीय फुटबल प्रतियोगिता-२०८२" सम्पूर्ण तयारी पुरा भएको आयोजकले जानकारी दिएको छ। शनिवार पहिलो खेल आयोजक हेमजा युनाइटेड निलो र वडा न. २ ९ बिच बिहान ठिक १०:०० बजे हुने क्लबका उपाध्यक्ष एवं प्रतियोगिता संयोजक इन्द्र बहादुर कुवारले जानकारी दिए। दोस्रो खेल वडा न. १५ र १६ बिच हुने छ। प्रतियोगितामा पोखरा महानगरपालिका वडा नं २५ को २ समूह सहित १३ समूहले सहभागिताको लागि टिम दर्ता गरेका छन् । प्रतियोगिताको उद्घाटन पोखरा महानगरपालिका प्रमुख धनराज आर्चाय ज्यूको प्रमुख अथित्यता हुने क्लबका अध्यक्ष कृष्णमान श्रेष्ठले जानकारी दिए । साथै यस प्रतियोगिताले एकता भाईचार बढाउँदै खेलकुदमा अभिरुचि जगाउने विश्वास समेत व्यक्त गरे । प्रतियोगितामा प्रथम पुरस्कार रु १ लाख ११ हजार १११ र द्धितिय पुरस्कार रु ५५ हजार ५५५ साथमा ट्रफी, मेडल र प्रमाणपत्र रहेको छ। उत्कृष्ट विधागत पुरस्कार तर्फ सर्वाधिक गोलकता, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्डर,उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट फरवार्डलाई प्रत्येक विधामा नगद रु २ हजार साथमा ट्रफि प्रदान गरिने छ । साथै प्रतियोगिता अवधिभरको उत्कृष्ट खेलाडीलाई नगद रु ५ हजार साथमा ट्रफी र क्वाटर फाइनल देखिका म्याचहरूमा म्यान अफ दि म्याच घोषण गरी ट्रफी प्रदान गरिने खेल समन्वय संयोजक सौरभ कार्कीले जानकारी दिए।

गण्डकी प्रदेश फुटबल संघ, कास्की जिल्ला फुटबल संघ र जिल्ला खेलकुद विकास समितिको विशेष सहयोगीको भुमिका रहेको छ । खेल पोखरा-२५, हेमजा गौरीशङ्कर खेल मैदान(गैरी)मा हुने छ।

# चोयाका सामग्री बनाउन युवापुस्तालाई तालिम

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ जेठ

यहाँको अन्नपूर्ण गाउँपालिका-८ नागीमा युवाहरुलाई चोयाका सामान बनाउने सीप सिकाउन थालिएको छ । मौलिक र परम्परागत सीप हस्तान्तरण, संरक्षण र वातावरणमैत्री चोयाका सामग्रीको प्रयोग बढाउने उद्देश्यले तालिम सञ्चालन गरिएको हो।

अन्नपूर्ण गाउँपालिकाले सञ्चालन गरेको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममार्फत यही जेठ ५ गतेदेखि सुरु भएको तालिम २४ गतेसम्म सञ्चालन हुनेछ । तालिममा १७ जना सहभागी रहेको अन्नपूर्ण गाउँपालिकाका उद्यम विकास सहजकर्ता विष्णु गौतमले जानकारी दिनुभयो । तालिममा निगालो र बाँसको चोयाबाट डोका, नाङ्लो, डाली, थुन्से, भकारी, नाम्लो, दाम्लो बुन्न सिकाइने उहाँले बताउनुभयो । चोयाका सामान बनाउने सीप सिकाउन रघुगङ्गा गाउँपालिका-७ चिमखोलाका अनिल पाइजालाई प्रशिक्षकका रुपमा ल्याइएको छ। चिमखोलाका बासिन्दामा निगालोबाट आकर्षक डोका बनाउने सीप छ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : मानसिक तनाब |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# Correction of Name and Family Detail

Mr. Bishnu Prasad Jaisi- Indian Ex-Serviceman No. 182097 NB/SUB, a resident of former Arthar Dandakharka VDC Ward No. 1 current Kushma Municipality Ward No. 14, Parbat, was held on 2028/01/09 BS (April 22, 1971 AD) as per the social tradition and culture. He expired on 2073/11/13 BS (Feb. 24, 2017 AD) after he was discharged from his service on pension. His only wife Mrs. Gaura Devi Sharma alias Mrs. Maya Devi also passed away on 2078/06/29 BS (Oct. 15, 2021 AD). After Maya Devi's death, her pension entitlement has been fully accounted for. Following this, a request is made to transfer the pension to the unmarried daughter Miss Khyam Kumari Rimal and the family detail of the late pensioner is provided to be as follows:

| SN | Name/Surname in citizenship | Names in pension records | Birth Dates |
|---|---|---|---|
| 1. | Mr. Bishnu Prasad Jaisi | Bishnu Prasad | 13/03/1949 |
| 2. | Mrs. Gaura Devi Sharma | Maya Devi | 27/03/1957 |
| 3. | Mr. Ishwar Prasad Rimal | Yub Raj | 30/07/1973 |
| 4. | Mr. Megh Nath Rimal | Mek Raj Jaishi | 28/10/1989 |
| 5. | Mr. Kiran Prasad Rimal | Hari Prasad Jaishi | 04/02/1993 |
| 6. | Mrs. Dev Kumari Rimal | Deu Kumari | 08/06/1978 |
| 7. | Mrs. Guma Rimal | Guma Kumari | 17/10/1979 |
| 8. | Mrs. Parbati Rimal | Parbati Rimal | 02/09/1984 |
| 9. | Miss Khyam Kumari Rimal | | 05/08/1996 |

# पोखराको प्याराग्लाइडिङ अब खपौदीमा अवतरण हुने

जमुना वर्षा शर्मा
पोखरा, ९ जेठ/रासस

पोखरा अन्तरराष्ट्रिय विमानस्थलका कारण स्थानान्तरणको मारमा परेको प्याराग्लाइडिङ व्यवसाय पछिल्लो समय विस्तारै चलायमान हुन थालेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) र नेपाल हवाई खेलकुद संस्था (ना) को सहकार्यमा प्याराग्लाइडिङको समय डेढ घण्टा थनुका साथै यसअघि हुँदै आएको खपौदीमा अवतरण गर्ने निर्णयले आशा जगाएको हो ।

पुरानै ठाउँमा अवतरण समय थप्ने निर्णयले पोखरालाई विश्वस्तरीय प्याराग्लाइडिङ गन्तव्यका रूपमा स्थापित गर्न सकिने अपेक्षा व्यवसायी र प्यारापाइलटले गरेका छन् । पोखरा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि सुरक्षाको कारण देखाउँदै सराङकोट र तोरीपानीबाट उडान हुने प्याराग्लाइडिङलाई मान्द्रेढुङ्गा स्थानान्तरण गरिएको थियोभने पामेमा अवरतरण हुँदै आएको थियो । सोही कारण प्याराग्लाइडिङ व्यवसाय स्थिरजस्तो बन्नुका साथै व्यवसायीलाई चुनौती थपेको थियो । अब भने सरागडकोट तोरीपानीको बाहाकोट उडान (टेक अफ) गरेर खपौदी, (इन्ड अफ लेक) मा पूर्ववत् स्थानमा अवतरण हुने निर्णय भएको नाका अध्यक्ष अनिल केसीले जानकारी दिनुभयो । "यसअघि हामीमा प्याराग्लाइडिङ सञ्चालन चुनौतीपूर्ण र समस्यायुक्त थियो । अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनसँगै पोखराको आकाशको चमकता हराइसकेको थियो । व्यवसाय धान्न पनि मुस्किल थियोभने करिब एक सय ५० बढी प्यारापाइलट विस्थापित हुनुपरेको थियो । अब भने यो निर्णयले आशा जगाएको छ", उहाँले भन्नुभयो । उहाँका अनुसार



बिहान ११ बजेदेखि साँझ ४:३० बजेसम्म प्याराग्लाइडिङ सेवा सञ्चालन हुने भएको छ । योसँगै पर्यटक र पाइलटलाई फेवाताल र अन्नपूर्ण हिमशृङ्खलाको मनोरम दृश्यको आनन्द लिन थप समय प्रदान गर्ने जनाउँदै नाका अध्यक्ष केसीले भन्नुभयो, "यो समय विस्तारले उडान सङ्ख्या बढाउन र पर्यटकको अनुभवलाई अझ रोमाञ्चक बनाउन महत्त्वपूर्ण भूमिका खेल्नेछ ।" पोखरा महानगरापालिका प्रमुख प्रमुख धनराज आचार्यले पोखरा भ्रमण वर्ष-२०२५ सञ्चालन भइरहेको सन्दर्भसँगै भएको यो निर्णयले पोखराको साहसिक गतिविधिमा थप टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । "सकारात्मक प्रयास भएको छ, यसले पुनः पोखराको पर्यटनमा गति थप्नेछ, ढिलै भए पनि व्यवसायीको माग सम्बोधन भएको छ", उहाँले भन्नुभयो, "प्याराग्लाइडिङको समय विस्तारसँगै पुरानो स्थलमा अवतरणले साहसिक पर्यटकको मन जित्नेछ । पोखरलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नेछ ।" अध्यक्षकेसीलेउहाँलेआगामीदिनमा सोलो प्याराग्लाइडिङ सञ्चालन र अन्तरराष्ट्रिय प्याराग्लाइडिङ प्रतियोगिता आयोजना गर्ने योजनासमेत बनाइएको जानकारी दिनुभयो । पोखरा अन्तरराष्ट्रिय विमानस्थलका हवाई ट्राफिक नियन्त्रण प्रमुख योगेन्द्र कुँवरले दिगो पर्यटनका लागि क्यानको सहकार्यमा पुराना स्थलहरूमा अवतरण अनुमति दिइएको बताउनुभयो । "सुरक्षा पहिलो प्राथमिकता हो । सबै कम्पनी र पाइलटले कडा सुरक्षा मापदण्ड पालना गरी पर्यटकलाई सुरक्षित अनुभव प्रदान गर्नुपर्दछ", उहाँले भन्नुभयो । पोखरा भ्रमण वर्ष संयोजक गोपीबहादुर भट्टराईले पर्यटन वर्ष सफल पार्न पर्यटकीय गतिविधि बढाउनुका साथै चीन र भारतसँग पोखरालाई जोड्ने 'कनेक्टिभिटी'को सुनिश्चितताको आवश्यक रहेको बताउनुभयो । "पोखराको सौन्दर्यकै रूपमा रहेको साहसिक पर्यटनको प्याराग्लाइडिङलाई अब कुनै हालतले विस्थापित हुन दिनुहुँदैन", उहाँले भन्नुभयो । भट्टराइले यसको विस्तार र प्रवर्द्धनका लागि थप कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो । सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वय, समर्थन तथा पर्यटन व्यवसायीको सक्रिय सहयोगले यो सम्भव हुने उहाँको भनाइ छ । प्याराग्लाइडिङलाई थप सुरक्षित बनाएर सुरक्षालाई प्राथमिकता दिँदै नाले मे २१, २०२५ मा पाइलटका लागि प्राविधिक तालिम सञ्चालन गरेको थियो । तालिममा हवाई क्षेत्रको सीमा, अनुशासन र सुरक्षा प्रोटोकलका बारेमा थप प्रशिक्षित गराइएको नाका महासचिव बलराम आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार नाका प्राविधिक उपाध्यक्ष विजय गौतम, राष्ट्रिय खेलाडी विमल अधिकारी र प्रमुख प्रशिक्षक योगेशबहादुर भट्टराईले जिपिएस र आधुनिकपद विधिको प्रयोगबाट सुरक्षित र व्यवस्थित उडान सुनिश्चित गर्ने उपायबारे जानकारी दिनुभएको थियो ।

जिपिएस र आधुनिक प्रविधिको प्रयोगले प्याराग्लाइडिङलाई थप सुरक्षित र व्यवस्थित बनाएको नाले जनाएको छ । समय, पूर्ववत् अवतरणस्थल र सुरक्षाका क्षेत्रमा गरिएको पहलले पोखराको प्याराग्लाइडिङले नयाँ उचाइ लिने अपेक्षा गरिएको नाका वरिष्ठ उपाध्यक्ष खेमराज आचार्यले बताउनुभयो । "प्राकृतिक सौन्दर्य, सुधारिएको नियमावली र महत्वाकाङ्क्षी पर्यटन योजनाको संयोजनले पोखरालाई सन् २०२५ र त्यसपछिका लागि साहसिक पर्यटकको अत्यावश्यक गन्तव्य बनाउने छ", उहाँले भन्नुभयो ।

उपाध्यक्ष आचार्यका अनुसार प्याराग्लाइडिङ व्यवसायमा करिब एक अर्ब लगानी छ भने ५९ व्यावसायिक कम्पनी छन् । चार सय जान 'टेन्डम' (दुई जना उड्न मिल्ने) पाइलट छन् । करिब एक सय ५० व्यवसायी विस्थापित भएको अवस्था रहेको बताउँदै उहाँले हाल दुई सय ५० ले काम गरिरहेका जानकारी दिनुभयो ।

पहिला दैनिक कम्तीमा पाँच सयदेखि बढीमा एक हजार पाँच सयसम्म उडान गर्न सफल हुँदै आएकामा स्थानान्तरणले उडानमा सीमित हुँदा व्यवसायी मर्कामा पर्दै आएका छन् ।

# उपमेयर क्षेत्रीको लोभलागदो काँक्राखेती

पोखरापत्र संवाददाता
पर्वत, ९ जेठ

कुनै पनि राजनीतिक पदमा निर्वाचित भएपछि वा नियुक्त भएपछि कृषि पेसालाई चटक्कै छाडेका उदाहरण थुप्रै भेट्न सकिन्छ । तर पर्वतको फलेवास नगरपालिकाका उपप्रमुख शोभाकुमारी क्षेत्रीले राजनीति र जनप्रतिनिधिसँगै आफ्नो कृषि पेसालाई समेत निरन्तरता दिनुभएको छ । फलेवास नगरपालिका-१० कुर्घाकी क्षेत्रीले व्यावसायिक काँक्राखेती गर्दै आउनुभएको छ । उहाँको काँक्राखेती हरियो काँक्रा उपभोग गर्नका लागि नभई भक्तपुरे लोकल जातको काँक्राको मूल बीउ उत्पादनका लागि हो । विगत दुई दशकदेखि व्यावसायिक कृषिमा होमिनुभएकी क्षेत्रीले तीन वर्षअघिसम्म व्यावसायिक गाईपालन गर्नुहुन्थ्यो । उहाँले १५ वटासम्म गाई पालेर दैनिक झण्डै एक सय लिटर दूध बिक्री गर्नुहुन्थ्यो । जब २०७९ सालको निर्वाचनमा फलेवास नगरपालिकाको उपप्रमुखमा विजयी हुनुभयो त्यसपछि व्यस्तताका कारण व्यावसायिक गाईपालन छाडेर व्यावसायिक काँक्राखेतीमा लाग्नुभएको हो । क्षेत्रीले २०५६ सालदेखि व्यावसायिक गाईपालन र तरकारीखेती गर्दै आउनुभएको हो । अहिले उहाँले सात रोपनी क्षेत्रफलमा व्यावसायिक काँक्राखेती गर्नुभएको छ । उहाँले हरेक वर्ष रू पाँचदेखि सात लाखसम्म काँक्राको बीउ बिक्री गरेर आम्दानी गर्दै आउनुभएको छ ।

उपप्रमुख क्षेत्रीले नै काँक्राखेतीलाई निरन्तरता दिएपछि गाउँलेसमेत काँक्राको व्यावसायिक उत्पादनमा सक्रिय भएर लागेका छन् । उहाँको पेसामा श्रीमान् सोमबहादुरले साथ दिनुभएको छ । गत वर्ष केही कम आम्दानी भएकामा यस वर्ष अनुकूल हावापानी र मौसमले उत्पादन पनि बढेकाले काँक्राको आम्दानी पनि बढ्ने अनुमान सोमबहादुरले गर्नुभएको छ । "हाम्रो परिवारले मात्र रू सात लाखसम्मको बीउ, बिक्री गर्छौं, अरू व्यक्ति र समूहको गर्दा करोडौंको बीउ निर्यात गर्ने गरेका छौं", उपप्रमुख क्षेत्रीले भन्नुभयो, "जनताको सेवा गरेर बचेको समय कृषिकर्ममा लगाउने गरेकी छु" जनप्रतिनिधिको कर्मचारीजस्तो बिहान १०:०० देखि साँझ ५:०० बजेसम्मको कार्यसमय हुँदैन, साँझबिहान जतिबेला पनि जनताको सेवामा जानुपर्छ, कहिलेकाहीँ खाली रहेको समय तरकारी र गोठमा पालेका वस्तुभाउको स्याहारसुसारमा पनि लाग्ने गरेकी छु ।" कृषिकर्म गरेर कोही पनि सानो नभइने बताउँदै उपप्रमुख क्षेत्री जुन ठाउँमा जे उत्पादन हुन्छ



त्यही पेसालाई व्यावसायिक रूपमा अँगाल्न आफूले सुझाव दिने गरेको बताउनुहुन्छ । उहाँले आफू उपप्रमुख भएपछि धेरैजसो कृषकमुखी कार्यक्रम नगरबाट ल्याउन सफल भएको दाबी गर्नुभयो । उहाँ तत्कालीन सत्ता गठबन्धन माओवादी केन्द्रबाट विजयी हुनुभएको हो । उहाँसँग कृषिको करिब दुई दशक लामो साइनो र सङ्घर्ष रहेको छ । क्षेत्रीले भन्नुभयो, "म दिउँसो नगरमा भए पनि साँझबिहान गाईगोठ र खेतबारीमै हुन्छु । मैले भोग्ने दैनिक समस्या नगरवासीका साझा हुन् । त्यसैले नगरमा धेरैजसो किसानकै मुद्दा र आवाज उठाउने गरेकी छु ।"

क्षेत्रीको व्यावसायिक यात्रा २०६४ सालदेखि सुरू भएको थियो । सुरूमा होटल व्यवसाय गर्नुभएकी क्षेत्रीले किराना पसलसँगै सुरू गरेको होटलमा दूधको माग बढेपछि गाई पाल्न थाल्नुभएको हो । विसं २०७० मा चिर्दीमा चिसापानी दुग्ध सहकारी दर्ता गरेपछि उहाँ त्यसको संस्थापक सचिवसमेत बन्नुभएको थियो । बीस जना सेयर सदस्यबाट रु पाँच हजारका दरले लगानी गरेर दूधलाई व्यावसायिक रूपमा बजार पठाउन सहकारीमा आबद्ध गर्नुभएकी क्षेत्रीको पहलमा अहिले उक्त गाउँका झण्डै सात सय किसानले व्यावसायिक पशुपालन गरेर दूध बिक्री गर्दै आएका छन् ।

काँक्रासँगै क्षेत्रीले टनेलभित्र टमाटर र मौसमअनुसारका तरकारी उत्पादन गर्दै आउनुभएको छ । गाउँ छोडेकाको खेत भाडामा लिएर जेठो बूढो धानको बीउ उत्पादन गरेर बिक्री गर्नुहुन्छ । कुनै समय दूध, तरकारीलगायत कृषि उपजको बिक्रीबाट मासिक रु दुई लाखभन्दा बढीको आम्दानी गर्नुभएकी उहाँले उपप्रमुख भएपछि जनताको सेवामा बढी खटिनुपर्दा आम्दानी घट्दै गएको बताउनुभयो । तर पनि राजनीति र कृषिलाई सँगसँगै अघि बढाउने आफ्नो प्रयासमा कमी नआएको उहाँको भनाइ छ । आफूले कृषि र यस पेसाबाट पाएको सफलताबाट अरू किसानलाई पनि सफलताकै बाटोमा डोहोऱ्याउने उहाँको इच्छाले समेत सार्थकता पाउँदै गएको उहाँको भनाइ छ । "सबैलाई व्यावसायिक बनाउने हो, त्यसका लागि नगरपालिकामा हामी सबै हातेमालो गर्न आएका हौं । जनप्रतिनिधि शासक नभएर सेवक हौं भन्ने भावना भए सफल भइन्छ भन्ने लागेको छ", उहाँले भन्नुभयो । फलेवास नगरपालिकाका कुर्घा, देवीस्थान, पाङ्गराङ्ग र विहादी गाउँपालिकाको बाँच्छाका किसानले व्यवासायिक रूपमा भक्तपुरे लोकल जातको काँक्राको बीउ उत्पादन गर्दै आएका छन् । यहाँ काँक्राको बीउ बिक्री गरेर वार्षिक रू छ करोड भित्रिने गरेको छ ।

# एकल महिलाको लागि कपडा बुनाई तालिम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ

पोखराको बाटुलेचौरमा आयोजित एकल महिलाको लागि उनी धागो कपडा बुनाई तालिम सम्पन्न भएको छ ।

वडा कार्यालय पोखरा १६ को सहयोगमा मानव अधिकारका लागी महिला एकल महिला समुहको आयोजनामा ५ दिनसम्म चलेको तालिममा त्यस क्षेत्रका एकल महिला सहभागि थिए । उनीहरूलाई प्रशिक्षक कमला थापा र गिता तिमिल्सिनाले प्रशिक्षण दिएका थिए । तालिममा सहभागीलाई प्रमाणपत्र वितरण गर्दै वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनाले एकल महिला लक्षित यस तालिमले उनीहरूको दैनिक जीवन चर्यालाई सहज र सिपमुलक बनाउने बताउनुभयो । कार्यक्रममा वडा सदस्य मञ्जु नेपाली, हिमालय क्लवका अध्यक्ष मोहन थापा, परोपकार महासंघका अध्यक्ष होमनाथ पौडेल, समाजसेवी पार्वती तिमिल्सिना, कोत मामलियतका सचिव नारायण देवकोटा लगायतकाले तालिम फलदायी रहेको बताउँदै, सिकेका कुरा व्यवहारमा उतार्न आग्रह गरे । समुहका अध्यक्ष दुर्गा केसी थापाको अध्यक्षतामा भएको समापन कार्यक्रममा स्वागत उपाध्यक्ष अञ्जना अधिकारी र संचालन कोषाध्यक्ष मनमाया नेपालीले गर्नुभएको थियो ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म : २००५/१२/०५ गते

स्वर्गारोहण : २०८२/०१/२८ गते

**स्व. हरिकला ढकाल**

यस सिद्धार्थ टोल विकास संस्थाका सदस्य गिता सुवेदीको सासुआमा **हरिकला ढकाल**को ७७ वर्षको उमेरमा असामयीक निधन भएकोमा हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**भवानी माकाजू**
**अध्यक्ष तथा**
**सिद्धार्थ टोल विकास संस्था परिवार**
**पोखरा**

# रास्वपाका सभापति रविलाई थुनामै राख्ने आदेश सदर

रासस
काठमाडौं, ९ जेठ

सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई थुनामा राख्ने उच्च अदालत तुलसीपुर बुटवल इजलासको आदेशलाई सदर गरेको छ ।

थुनामुक्त गर्न माग गर्दै लामिछानेको पत्नी निकिता पौडेलले दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनको सुनुवाइपछि आज न्यायाधीशद्वय डा नकहुल सुवेदी र बालकृष्ण ढकालको संयुक्त इजलासले बुटवल इजलासकै आदेश सदर गरेको हो ।

आदेश भनिएको छ, "अदालतबाट निवेदक प्रतिवादीहरू रवि लामिछाने र छविलाल जोशीलाई पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुनेगरी पुर्पक्षका लागि थुनामा राखी मुद्दाको कारबाही र किनारा गर्नेगरी भएको मिति २०८१/१२/२२ को आदेश बेरितको नदेखिँदा बदर गरिरहनु परेन, कानुन बमोजिम गर्नु ।"

सुप्रिम सहकारी ठगी प्रकरणमा कारागार कार्यालय भैरहवा रूपन्देहीमा पुर्पक्षमा थुनामा रहेका पूर्वगृहमन्त्रीसमेत रहेका लामिछाने तर्फबाट दायर भएको उक्त रिट निवेदनमाथिको सुनुवाइ अदालतले सो आदेश गरेको हो ।

## जन्म दर्ता सच्याईएको

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २१ निवासी प्रेम वि.क. भारतीय सेनामा कार्यरत जवान नं. ५८५३१२९L का छोरा सुप्रिम वि.क.को भारतीय जन्म दर्ता प्रमाण पत्रमा सुप्रिम बहादुर खड्का वि.क. भएकोमा साथै नेपाली जन्म दर्ता प्रमाण पत्रमा सुप्रिम वि.क. भएकोमा दुबै नाम थर भएको व्यक्ति एउटै भएको जानकारी गराइन्छ । साथै नेपाली जन्म दर्ता अनुसार नै गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २१ ठेगाना भई नाम सुप्रिम वि.क. कायम भएको जानकारी गराईन्छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ०९ शिवमार्ग भित्री बाटो नाली निर्माण निरन्तर योजना गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
योजनाको नामः शिवमार्ग भित्री बाटो नाली निर्माण निरन्तर योजना
ठेगानाः पोखरा-०९
योजना सम्झौता मितिः २०८१/०८/१० गते
योजना शुरु मितिः २०८१/०८/१० गते
योजना सम्पन्न हुने मितिः २०८२/०२/१० गते
योजना सम्पन्न भएको मितिः २०८२/०२/१० गते
योजनाको कुल लागतः रु.१७,६५,०००।-
महानगरपालिकाबाटः रु.१५,००,०००।-
उपभोक्ता समुहबाटः रु.२,६५,०००।-
अध्यक्षः काली प्रसाद मैनाली सम्पर्क नं.: ९८५६०२९८२६
निर्माण समिति सदस्य संख्याः ९ महिलाः १, पुरुषः ८
अनुगमन समिति संयोजकः वडा सदस्य लक्ष्मी पहारी

**शिवमार्ग भित्री बाटो नाली निर्माण निरन्तर योजना**
**उपभोक्ता समिति पोखरा-०९**